# भीमेश्वर नगरपालिका

## नगर कार्यपालिकाको २५औं बैठकका छलफलका कार्यसूची

मिति : २०८१/०२/२६ गते

समय : विहान ८:०० बजे

१) नगर कार्यपालिकाको अघिल्लो बैठकको समीक्षा सम्वन्धमा ।

२) महिला, शान्ति र सुरक्षा सम्वन्धी कार्यान्वयन स्थानीय समिति गठन सम्वन्धमा । (संयुक्त राष्ट्र सङ्घीय सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्वन्धी दोस्रो राष्ट्रिय कार्ययोजना बमोजिम)

३) घ्यावापानी -सेरा - निगाले सडकको चौडा सम्वन्धमा ।

४) भगिनी सम्वन्धको प्रक्रिया अगाडि बढाउने सम्वन्धमा ।

५) बरिष्ठ अधिवक्ता तोक्ने सम्वन्धमा ।

६) बढुवा नियुक्ति तथा पदस्थापन सम्वन्धमा ।

७) र ८) रकमान्तर/ शिर्षकान्तर सम्वन्धमा ।

९) बाल ककक्षा भवन निर्माणका लागि सहयोग सम्वन्धमा ।

१०) सरसफाई केन्द्रको प्रारम्भिक वातावरणीय परिक्षण कार्यक्षेत्र शर्त स्वीकृत सम्वन्धमा ।

११) उर्जा प्रभावकारी भवन निर्माण स्विकृति सम्वन्धी कार्यविधि, २०८१ स्वीकृत सम्वन्धमा ।

१२) विपद व्यवस्थापन कार्यक्रम, भीनपा ५ को नपुग रकम भुक्तानी सम्वन्धमा ।

१३) सरसफाई केन्द्रमा खानेपानी व्यवस्थापनका लागि रकम उपलब्ध गराउने सम्वन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको २५औं बैठक
मिति : २०८१/०२/२६ गते

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

**निर्णय नं. १ :** यस नगरपालिकाको मिति २०८१ जेष्ठ ०४ गते बसेको २४औं नगर कार्यपालिका वैठकको निर्णय कार्यान्वयनको अवस्थाको समीक्षा गरियो ।

**निर्णय नं. २ :** महिला, शान्ति र सुरक्षा सम्वन्धी संयुक्त राष्ट्र सङ्घीय सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्वन्धी दोस्रो राष्ट्रिय कार्ययोजना (आ.व. २०७९/८०-२०८१/८२) कार्यान्वयनका लागि यस नगरपालिकाका नगर प्रमुख श्री ईश्वर नारायण मानन्धरको संयोजकत्वमा तपसिल बमोजिमको कार्ययोजना कार्यान्वयन स्थानीय समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक | श्री ईश्वर नारायण मानन्धर, नगर प्रमुख, भीनपा |
| सदस्य | श्री कमला वस्नेत, नगर उपप्रमुख, भीनपा |
| सदस्य | श्री कार्यपालिकाका महिला सदस्य सबै, भीनपा |
| सदस्य | श्री जिल्ला प्रहरी कार्यालय, दोलखा (महिला सेल प्रमुख) |
| सदस्य | श्री महिला तथा वालवालिका शाखा प्रमुख, भीनपा |
| सदस्य | श्री नगरस्तरीय वाल सन्जालको संयोजक, भीनपा |
| सदस्य सचिव | श्री विशकसेन ढकाल, प्रमुख प्रशासकीय अधिकृत, भीनपा |

**निर्णय नं. ३ :** यस नगरपालिकाको चालु आ.व. २०८०/०८१ मा घ्यावापानी - सेरा - निगाले सडक ४ मिटर चौडा ढलान गर्ने गरी सडक ठेक्का मार्फत स्तरोन्नतिको कार्य भईरहेकोमा स्थानीयवासी तथा वडावाट ५ मि. चौडा गर्न अनुरोध भई आएकोले उक्त सडक सतह ५ मि. चौडा कायम गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :** भीमेश्वर नगरपालिका र मित्रराष्ट्र चीनको सिचुवान प्रान्तस्थित दुचियांगयान सहर वीच भगिनी सम्वन्ध स्थापना गर्न छेन्दुस्थित नेपाली महावाणिज्यदुतवास मार्फत तहाँका मेयर Zhang Yadan ले यस नगरपालिकाका नगर प्रमुख ईश्वरनारायण मानन्धरलाई सम्वोधन गरी पठाएको पत्रको शिलशिलामा यस नगरपालिकावाट स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ८ वमोजिमको प्रक्रिया पूरा गरी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८१/०२/१७ गतेको वैठकवाट भगिनी सम्वन्ध स्थापना गर्न पूर्वस्वीकृति प्राप्त भएकोले भगिनी सम्वन्ध स्थापनाको प्रक्रिया अगाडि वढाउन छेन्दुस्थित नेपाली महावाणिज्यदूतवासलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :** बैतेश्वर गाउँपालिकामा स्थायी दरवन्दी भई यस कार्यालयमा बागमती प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. १९३४, मिति २०८० /०१/१० को पत्रबाट यस नगरपालिकामा सरुवा भई आउनु भएका बिक्रम कार्की (अधिकृतस्तर

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

आठौं) ले मिति २०८०/०२/१७ मा सर्वोच्च अदालतमा उत्प्रेषणको परमादेश जारी गरी पाउँ भनी यस नगरपालिकालाई समेत बिपक्षी बनाई ०७९-WO-१३५० दर्ता गराई मिति २०८०/०२/२२ गते सर्वोच्च अदालतको अन्तरिम आदेशबाट यस नगरपालिका समेतलाई बिपक्षी बनाईएकोमा निवेदकको तर्फबाट पूर्वमहान्यायाधिवक्ताबाट बहस भईरहेको सन्दर्भमा यस नगरपालिकाको तर्फबाट समेत समान प्रकृतिको अधिवक्ता राखी बहस गर्नुपर्ने देखिएकाले एक जना बरिष्ठ अधिवक्ता श्री टिकाराम भट्टराईबाट उक्त मुद्दाको बहस गराई नगरपालिकाले निर्धारण गरे बमोजिमको पारिश्रमिक नियामुसार भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :** बागमती प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत बढुवा समितिको मिति २०८१/०२/१७ को बढुवा सिफारिस निर्णय तथा बागमती प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (प्रमुख सचिवस्तर) को मिति २०८१.०२/२३ को बढुवा निर्णय सहित बढुवा तथा पदस्थापनका लागि सिफारिस भई आएको (क.सं.नं. १५९८९४) श्री अर्जुन बहादुर कार्कीलाई यस कार्यालयमा रिक्त रहेको अधिकृत नवौं तह (शिक्षा) मा बागमती प्रदेश सरकारद्वारा जारी गरिएको स्थानीय सेवा (गठन तथा सन्चालन) ऐन, २०७९ को दफा १७ को उपदफा (१) बमोजिम उपशिक्षा निर्देशक पदमा मिति २०८१/०२/१६ गतेदेखि जेष्ठता कायम हुन गरी बढुवा तथा पदस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :** यस नगरपालिकाको चालु आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम शि.नं. १३८ मा विनियोजित रु २,००,०००/- (दुई लाख रुपैया) मध्ये रु १,००,०००/- (एक लाख रुपैया) दलित सशक्तिकरण कार्यक्रम, भीनपा ८ मा रकमान्तर/शीर्षकान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :** यस नगरपालिकाको चालु आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम शि.नं. २३७ को जेष्ठ नागरिक स्वास्थ्य उपचार कार्यक्रममा विनियोजित रु १,००,०००/- (एक लाख) २ नं. वडा कार्यालयको सिफारिस अनुसार जेष्ठ नागरिक पोषण कार्यक्रममा रकमान्तर /शीर्षकान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :** यस नगरपालिका वडा नं. २ सोक्लामा स्थापना गरिएको बाल कक्षा सन्चालन तथा व्यवस्थापन गर्न निर्मित भवनमा कक्षा कोठा व्यवस्थापन गर्न ब.शि.नं. १८५ को नगर पूर्वाधार निर्माण मर्मत एवम् स्तरोन्नति कार्यक्रमबाट रु २,००,०००/- (दुई लाख रुपैया) उपलव्ध गराउने निर्णय गरियो ।

विश्वकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको २५औं बैठक
मिति : २०८१/०२/२६ गते

**निर्णय नं. १०** : यस नगरपालिका वडा नं. ६ रामकोटमा रहेको सरसफाई केन्द्रको प्रारम्भिक वातावरणीय परिक्षण गर्ने कार्यका लागि यस नगरपालिकाद्वारा तयार पारिएको कार्यक्षेत्रगत शर्त (ToR) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११** : यस नगरपालिका क्षेत्रभित्र भवन निर्माण स्वीकृति प्रक्रियामा उर्जा प्रभावकारीता समेत कायम गरी पर्यावरणमैत्री भवन बनाउन ईच्छुक घरधनीहरुलाई सहजीकरण गर्न तथा सबै सरकारी एवम् सार्वजनिक भवनहरुमा त्यस्तो प्रविधिको प्रयोगलाई अनिवार्य गरी उदाहरणको रुपमा स्थापित गर्न **'उर्जा प्रभावकारी भवन निर्माण स्वीकृति सम्वन्धी कार्यविधि, २०८१'** स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२** : आ.व. २०८०/०८१ का लागि विपद् व्यवस्थापन कार्यक्रम, वडा नं. ५ अन्तर्गत रु ४,००,०००/- (चार लाख रुपैया) विनियोजन भई सम्झौता समेत भईसकेको सन्दर्भमा उक्त शीर्षकमा नपुग रकम रु २,९५,०००/- (दुई लाख पन्चानब्बे हजार रुपैया) भुक्तानीका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १३** : यस नगरपालिकाको चालु आ.व. २०८०/०८१ को स्वीकृत कार्यक्रम अन्तर्गत सरसफाई व्यवस्थापन तथा ज्ञान केन्द्र पूर्वाधार निर्माण (शि.नं. १२०) शीर्षकमा विनियोजित बजेटको कन्टेन्जेन्सी रकमबाट उक्त ज्ञान केन्द्र परिसरमा खानेपानी व्यवस्थापनका लागि प्राविधिक लागत ईष्टिमेट बमोजिम रु ५६,०००/- (छपन्न हजार रुपैया मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

विश्वकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत